# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०१।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी चुडामणी आपगाईसमेत रहेको सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ईलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापामा तत्कालीन इलाका प्रशासन प्रमुख (शाखा अधिकृत) चुडामणी आपगाईं समेतका प्रतिवादीहरू उपर नागरिकताको प्रमाणपत्रमा भएको जन्म मिति भन्दा राहदानीमा उमेर घटाई तथा बढाई बदनियतपूर्वक सरकारी कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले विवरण हेरफेर/थपघट गरी राहदानी जारी गर्ने गराउने कार्य गरी भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८२।११।१२ को फैसलाबाट सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८३।०१।३० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने